


# शैक्षिक सफलताको कोलोराडो मापन

## तपाईँको विद्यार्थीको शैक्षिक सफलतालाई मद्दत गर्नका लागि सिमास प्राप्ताङ्क रिपोर्टको प्रयोग

COLORADO
Department of Education

www.cde.state.co.us

अङ्ग्रेजी भाषा कला, गणित, विज्ञान र सामाजिक अध्ययनमा शैक्षिक सफलताको कोलोराडो मापन(सिमास) कोलोराडो शैक्षिक स्तरहरू अनुरूप छन् र तिनले समालोचकीय सोचाइ र समस्या समाधान जस्ता जटिल सीपहरू मापन गर्छन्। सिमास परीक्षण लिने प्रत्येक विद्यार्थीका लागि एउटा प्राप्ताङ्क रिपोर्ट निर्माण गरिन्छ। यी रिपोर्टहरूले अभिभावकहरूलाई कति राम्ररी आफ्ना बच्चाहरूले कोलोराडो शैक्षिक स्तरहरूका अपेक्षाहरू पूरा गरिरहेका छन् र आफ्ना बच्चाहरू ग्राजुएसन पछि कलेज र करियरको मार्गमा छन् कि छैनन् भन्ने कुरा राम्ररी बुझ्न मद्दत गर्ने जानकारी प्रस्तुत गर्दछन्।

## सम्झिनुपर्ने कुराहरू

- सिमास परीक्षणहरू कोलोराडो शैक्षिक स्तरहरूसँग मिलान गरिएका छन्, जुन विद्यार्थीहरू कलेज, करियर र जीवनका लागि तयार भएको सुनिश्चित गर्न मद्दत गर्नका लागि मार्गचित्र जस्तै हुन्। वसन्त २०१८ मा राज्यको कानुनहरूको आवश्यकता अनुसार राज्य शैक्षिक स्तरहरूलाई अपडेट गरिएको छ। परिमार्जित कोलोराडो शैक्षिक स्तरहरू २०२०-२१ स्कूल वर्ष सम्म लागू हुँदैनन्, र राज्य परीक्षणहरूलाई सो समयमा अपडेट गरिएका स्तरहरूसँग मिलान गरिनेछ। स्कूल डिस्ट्रिक्टहरू, शिक्षकहरू र विद्यार्थीहरूसँग नयाँ स्तरहरू र राज्य परीक्षणहरूमा स्थानान्तरण हुनका लागि अर्को वर्ष बाँकी छ।
- सिमास परीक्षणहरू वर्षको अन्त्यमा दिइन्छन्, र विद्यार्थीको प्रगतिको सम्पूर्ण चित्र प्रदान गर्नका लागि रिपोर्ट कार्ड, कक्षाकोठा कार्यसम्पादन र शिक्षकको पृष्ठपोषणसँग प्रयोग गर्न सकिने **एउटा मात्र सूचक हुन्**।
- यी परीक्षणहरूले विद्यार्थीलाई आज आवश्यक हुने सीपहरू मापन गर्दछन् - जस्तै समालोचकीय रूपमा सोच्ने र जटिल समस्याहरू समाधान गर्ने।
- प्रारम्भिक ग्रेडहरूमै विद्यार्थीहरूले ग्रेड-तह अपेक्षाहरू पूरा गरे नगरेको जान्नाले अभिभावकहरू र शिक्षकहरूलाई विद्यार्थीलाई हाइ स्कूल पछि कलेज र जागिरका लागि राम्ररी तयार गर्ने समय दिन्छ।

## म कसरी मेरो बच्चालाई सहयोग गर्न सक्छु?

- आफ्नो बच्चाले ग्रेड तह अपेक्षाहरू पूरा गरिसकेको वा नाघिसकेको अवस्थामा उसको वा उनको शिक्षा समृद्ध बनाउनका लागि रणनीतिहरू पहिचान गर्न आफ्नो विद्यार्थीको शिक्षकसँग कार्य गर्नुहोस्। त्यस्तै, आवश्यक परेको स्थितमा तपाईँको विद्यार्थीको कार्यसम्पादन सुधार गर्नका लागि स्रोतहरू पहिचान गर्न तपाईँको विद्यार्थीको शिक्षकले मद्दत गर्न सक्छन्। विद्यार्थीहरूलाई उनीहरूका सीपहरू अभ्यास गर्न मद्दत गर्नका लागि ट्युटरिङ, स्कूल पछिका कार्यक्रमहरू वा घरका क्रियाकलापहरू उपलब्ध हुन सक्छन्।
- **परीक्षण प्राप्ताङ्कहरू प्रगतिको एउटा मात्र सूचक भएको** कुरा आफ्नो विद्यार्थीलाई विश्वास दिलाउनुहोस्।
- घरमा कुन सीपहरू सबलीकरण गर्ने हो निर्धारण गर्नुहोस्। तपाईँको विद्यार्थीको प्राप्ताङ्क रिपोर्टमा गरिएका विशिष्ट सीपका विस्तृत भागहरू सुधार आवश्यकता भएका क्षेत्रहरू पहिचान गर्न महत्त्वपूर्ण सुरुवाती बिन्दु हुन सक्छन्।
- प्राप्ताङ्क रिपोर्ट कार्ड बुझ्नका लागि अभिभावकको मार्ग निर्देशक र बारम्बार सोधिने प्रश्नहरूसहित कोलोराडो शैक्षिक स्तरहरू र सम्बन्धित एसेसमेन्टहरूबारे अधिक जानकारी www.cde.state.co.us/communications/resourcesforparentsबाट लिनुहोस्।

## म कहाँ बढी जान्न सक्छु?

कोलोराडोका सम्पूर्ण विद्यार्थीहरू कलेज र करियर सफलताका लागि तयार हुन् भनी निश्चित गर्न कोलोराडोका रिगरस शैक्षिक स्तरहरू निर्माण गरिएका हुन्। कोलोराडोका एसेसमेन्टटहरू राज्य स्तरहरूसँग मिलान गरिएका छन्, जसले विद्यार्थीहरूले समयान्तरमा कसरी कार्यसम्पादन गरिरहेका छन् र विकसित भैरहेका छन् तथा डिस्ट्रिक्ट र राज्यभरिमा आफ्ना साथीहरूसँग कसरी तुलना भैरहेका छन् भन्ने कुरा शिक्षा प्रदायकहरू र अभिभावकहरूलाई बुझ्न मद्दत गर्छन्।

बढी जान्नका लागि हेर्नुहोस्: www.cde.state.co.us/communications/resourcesforparents